आज मिति २०७६।११।२१ गतेका दिन यस चौदण्डीगढी नगरपालिका नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको नियमित बैठक तपसिलको उपस्थितिमा बसियो।

तपसिल उपस्थिति

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - नगर उपप्रमुख
३. श्री रोहितमान लाफाङ्ग - अध्यक्ष वडा नं. १
४. श्री सन्तोष सुवेदी - " २
५. श्री परशुराम राई - " ३
६. श्री चरण कुमार राई - " ४
७. श्री देव नारायण चौधरी - " ५
८. श्री कमलध्वज राई - " ६
९. श्री तेजराज तिम्सिना - " ७
१०. श्री श्याम कुमार मगर - " ८
११. श्री प्रकाश राउत - " ९
१२. श्री रामकुमार खड्का - " १०
१३. श्री देवि कार्की - नगर कार्यपालिका सदस्य
१४. श्री जानुका कमर - "
१५. श्री मदन कुमारी कार्की - "
१६. श्री विमला राई - "
१७. श्री आस्मिता नेपाली - "
१८. श्री प्रमिला दनुवार - "
१९. श्री सुन्दर प्रकाश साह - "
२०. श्री शिव प्रसाद हुमेगाईं - प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु

१. नगर प्रहरीको नियुक्ति सम्बन्धमा।
२. सामि परियोजना सम्बन्धमा।
३. विद्यालयहरुको माग सम्बन्धमा।
४. नगर खेलकुद विकास समितिको माग सम्बन्धमा।
५. शिक्षा शाखाको माग सम्बन्धमा।
६. एक गाउँ एक पशु प्राविधिक अन्तर्गतका कर्मचारी सम्बन्धमा।
७. गल्फ इन्टरनेशनल प्रा.लि. र ट्रेड लिंक टेक्निकल ट्रेनिङ्ग प्रा.लि. संग सम्झौता गर्ने सम्बन्धमा।

Scanned by CamScanner

८. हाल सम्मको आयव्यय प्रस्तुत सम्बन्धमा ।
९. औषधी उपचार आर्थिक सहयोग सम्बन्धमा ।
१०. कोरोना भाइरस तथा डेंगी प्रकोप सम्बन्धमा ।
११. यस नपा को LDCRP अनुमोदन गर्ने सम्बन्धमा ।
१२. सुखानी शहीद स्मृति प्रतिष्ठान, नेपालको पत्र सम्बन्धमा ।
१३. ल्याब असिस्टेन्ट र सब इन्जिनियर छनौट समिति गठन सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु

**नि.नं.१** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नपा को नगर प्रहरी छनौट समितिको मिति २०७६।११।१ गतेको सिफारिस अनुसार यस नपा को नगर प्रहरी जवानको लागि छनौट भई सिफारिस भएका तपसिल अनुसारका प्रहरी जवानहरुलाई करार नियुक्ति मिति २०७६।१२।०१ गते बाट लागु हुने गरि करार नियुक्ति दिने निर्णय गरियो । साथै उक्त नगर प्रहरी जवानहरुको लागि आवश्यक ड्रेस लगाएतका आवश्यक सामाग्रीहरु खरिद गर्ने निर्णय गरियो । साथै नगर प्रहरी जवानहरुलाई मासिक रु. १८,०००।- पारिश्रमिक उपलब्ध गराउने र फायरमेनको हकमा हाल कार्यरत फायरमेनले खाइपाई आएको बराबरको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१.
२.
३.
४.
५.
६.
७.

८.
९.
१०.
११.
१२.
१३.
१४.

फायरमेन

१.

नि.नं.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सूचना तथा परामर्श केन्द्र सञ्चालन (साझी परियोजना) सम्बन्धी कार्यविधि अनुसार यस नपा.को लागि तपसिल अनुसारका पदहरुमा कर्मचारी नियुक्ति गर्नु पर्ने भएकोले हुँदा उक्त पदको करार सेवा सम्बन्धि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिल

(१) मनोसामाजिक परामर्शकर्ता – पद संख्या – १
(२) वित्तीय साक्षरता सहजकर्ता – पद संख्या – १
(३) रिटर्नी स्वयंसेवक – पद संख्या – ३

नि.नं.३ प्रस्ताव नं.३ माथि छलफल गर्दा यस नपा.का विभिन्न वडामा संचालित सामुदायिक विद्यालयहरु बाट खेलकुद सामाग्रीहरु माग भई आएको हुँदा विद्यालयहरुलाई खेलकुद सामाग्रीहरु उपलब्ध गराउने सम्बन्धमा आवश्यक कार्यविधि बनाई आवश्यकताको पहिचान गरे उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नपा.को नगर स्तरीय खेलकुद विकास समितिको माग अनुसार उक्त खेलकुद विकास समिति बाट नगर भ्यालिबल टिम तयारीको लागि वडा स्तरीय रुपमा पुरुष तथा महिला भ्यालिबल गेम संचालन भएको र उक्त गेममा —

रु. १,१८,०००।- खर्च भएको हुँदा यस गा.पा. को ह्याण्डबल खेल संचालन तथा व्यवस्थापन वडा नं. ६ समावेशी खेलमैदान शीर्षक बाट उपलब्ध गराउने निर्णय गरियो।

साथै नगर खेलकुद विकास समितिको च.नं. १५ मिति २०७६।११।२७ गतेको प्राप्त पत्र अनुसार यस गा.पा. को पूर्व निर्णय अनुसार अखिल नेपाल फुटबल संघ द्वारा आयोजित उप मेयर कप राष्ट्रिय महिला लिग २०२० मा सहभागी हुन यस गा.पा. को महिला खेलाडी टिम छनौट भएको हुँदा उक्त लिगको पूर्व तयारी तथा खेलाडी व्यवस्थापन र लिगमा सहभागी हुन जति लाग्ने खर्चको लागत अनुमान पेश भएको हुँदा उक्त लागत अनुमान अनुसारको आवश्यक रकम यस गा.पा. को खेलकुद सम्बन्धि अन्य कार्यक्रम शीर्षक बाट उपलब्ध गराउने ~~निर्णय~~ ~~गरियो~~। रकम अपुग भएकोले प्रदेश स्तरीय खेलकुद प्रतियोगिता संचालन तथा खेलकुद गतिविधि, खेलमैदान समेत र स्तरोन्नती र आवश्यकता अनुसार विविध खर्च संचालन शीर्षक बाट उपलब्ध गराउने निर्णय गरियो।

<u>नि. नं. ५</u> प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गा.पा. को शिक्षा शाखाको च.नं. १२८ मिति २०७६।११।२० गतेको ~~निर्णय~~ माग अनुसार नेपाल सरकार सशर्त तर्फको क्रियाकलाप नं. ११.१.२१. विद्यालय भौतिक सुधार निर्माण अनुदान तर्फ WASH सुविधा भएको शौचालय निर्माण अनुदान अन्तर्गत जनता मा.वि. लुगिनटार चौ.नं.पी. ८ र जनता आदर्श मा.वि. कालेखोला चौ.नं.पी. ४ मा शौचालय निर्माणको लागि ८ लाखका दरले रकम उपलब्ध गराइएको हुँदा उक्त रकम सम्झौता पश्चात ३० प्रतिशत, Structural Part को काम सम्पन्न भए पछि ५०% र कार्य सम्पन्न पश्चात अन्तिम किस्ता भुक्तान गर्ने निर्णय गरियो।

<u>नि. नं. ६</u> प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गा.पा. अन्तर्गत साविक एक गाँउ एक प्राविधिक अन्तर्गत कार्यरत करार सेवाका कर्मचारी आकाश घिमिरे र लिलाराज श्रेष्ठलाई यस गा.पा. बाट चालु आ.व. को प्रथम चौमासिकको मात्र तलब भुक्तान भएको हुँदा मिति २०७६ फाल्गुण मसान्त सम्मको लागी करार सम्झौता थप गरि २०७६ फाल्गुण मसान्त सम्मको पारिश्रमिक भुक्तान गर्ने निर्णय गरियो।

Scanned by CamScanner

**नि.नं.७** प्रस्ताव नं. ७ माथि छलफल गर्दा गल्फ इन्टरनेशनल प्रा.लि. ले २० जना ब्युटिसियन र २० जना ~~मोटरसाइकल~~ मोबाइल समेत तालिम संचालन गर्ने साथै ट्रेड लिंक टेक्निकल ट्रेनिङ प्रा.लि. ले मेसन ४० जना, इलेक्ट्रिसियन २० जना, मोटरसाइकल मेकानिक ८० जना र गार्मेन्ट टेलर ४० जना लाई तालिम उपलब्ध गराउने भएको हुँदा सोको लागि वडामा सहभागी छनौटको परिपत्र गर्ने तथा उक्त पूर्व रोजगार दाता संग सम्झौता गर्ने निर्णय गरियो। साथै सम्झौता मिति २०७६।११।३० गते गर्ने निर्णय गरियो।

**नि.नं.८** प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नपा. को चालु आ.व. को हाल सम्मको सशर्त, समानीकरण, राजस्व बाँडफाँड तथा आन्तरिक तर्फको आय व्यय सार्वजनिक गरियो साथै चालु आ.व. को बजेट कार्यान्वयनको सम्बन्धमा समेत आवश्यक छलफल गरियो।

**नि.नं.९** प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नपा. को विभिन्न वडा बाट विपन्न नागरिक हरुको औषधी उपचार आर्थिक सहयोगको लागि सिफारिस भई आएको हुँदा तपसिल अनुसार औषधी उपचार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

Scanned by CamScanner

नि. नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा विश्व स्वास्थ्य संगठन WHO ले नोभेल कोरोना भाइरसको उच्च – जोखिम युक्त राष्ट्रको रूपमा नेपाल लाई सूचिकृत गरेको हुँदा यस नगर क्षेत्रमा कोरोना भाइरसको प्रकोप आउन नदिन तथा सो सम्बन्धी आवश्यक सतर्कता अपनाउन सम्बन्धमा सम्बन्धीत पक्ष हरु स्वास्थ्य, शिक्षा तथा पशु शाखा संग तत्काल छलफल गरि आवश्यक कार्यदिशा तयार गर्ने साथै डेंगो नियन्त्रण सम्बन्धमा नगरका स्वास्थ्य संस्थाहरु संग तत्काल छलफल गरि आवश्यक कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

नि. नं. ११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना (LDCRP) नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा उदयपुरको सहजीकरणमा तयार भएको हुँदा उक्त LDCRP अनुमोदन गर्ने निर्णय गरियो ।

नि. नं. १२ प्रस्ताव नं. १२ माथि छलफल गर्दा सुरवारी शहीद स्मृति प्रतिष्ठान, नेपालको च. नं. ६ मिति २०७६।११।०६ गतेको ~~निर्णय अनुसार~~ प्राप्त पत्र अनुसार उक्त प्रतिष्ठानको आयोजनामा मिति २०७६ फाल्गुण ७ गते बाट संचालन हुने सुरवारी शहीद स्मृति गोल्डकपमा यस नपा बाट खेलाडी टिम सहभागी गराउने निर्णय गरियो ।

नि. नं. १३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नपा को लागी ल्याब असिस्टेन्ट १ र सब इन्जिनियर २ जना करार सेवामा नियुक्ति गर्ने सम्बन्धमा मिति २०७६।१०।०६ गते सूचना प्रकाश गरिएको हुँदा उक्त दुवै पदको कर्मचारी छनौटको लागी तपसिल अनुसारको छनौट समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

ल्याब असिस्टेण्ट छनौट समिति :-

१. श्रीकान्त चौधरी - संयोजक अ.स्वास्थ्य शाखा प्रमुख
२. तेज बहादुर पोखरेल - सदस्य
३. नेत्र बहादुर बि.क. - सदस्य

Scanned by CamScanner

सब-इन्जिनियर छनौट समिति :-

१. श्री सत्य नारायण दुजदार - संयोजक - सामाजिक शाखा
२. श्री सन्तोष राई - सदस्य - इन्जिनियर
३. श्री अम्बर बहादुर मगर - सदस्य - लेखापाल

पुनश्च :- निर्णय नं. २ अनुसारको साझेपरियोजना तर्फका कर्मचारी छनौटको लागि साझी परियोजनाको स्थानीय तह परियोजना व्यवस्थापन समितिको मिति २०७६/११/१५ गतेको निर्णय तथा साझी परियोजना सञ्चालन कार्यविधि अनुसार छनौट कार्य संचालन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner